(आ.व. २०८२।८३ को दोस्रो बैठक)

**फलेवास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, पर्वत**

२०८२/०६/०५ गतेको कार्यपालिका बैठकका निर्णयहरु:

***निर्णयहरु:***

१ यसभन्दा अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णय कार्यान्वयन तथा कार्यप्रगतिका बारेमा समिक्षा भयो ।

२ यस कार्यालयमा लामो समयदेखि प्राविधिक कर्मचारी तथा नगर अस्पताल र बिभिन्न स्वास्थ्यचौकीहरुमा स्वीकृत दरबन्दीमा रिक्त रहेको पदहरुमा प्राविधिक तथा स्वास्थ्यकर्मीको स्थायी पदपुर्ति तथा अर्को व्यवस्था नभएसम्मका लागि आवश्यकता अनुसारका प्राविधिक तथा स्वास्थ्यकर्मी नियुक्तिको प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

३ वर्षायाम पश्चात बिभिन्न वडामा क्षतीग्रस्त सडकहरु आकस्मिक मर्मत गरी बडादशैं, तिहार, छठ लगायतका चाडबाड अगाडी नगरका सबै वडाका बस्तीसम्म यातायात सूचारु गर्न नगरका स्काभेटर र ब्याक हु लोडरले मात्रै सम्भव हुने नदेखिएको हुँदा आवश्यकता अनुसार बिभिन्न व्यवसायीसंग गत वर्षको दररेट प्रति घण्टा रु २९००।- का दरले भाडादर कार्यालयबाट भुक्तानी गर्नेगरी मर्मतकार्य अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

४ नगरभित्र बिभिन्न वडाहरुमा उत्सर्जन हुने फोहोर मैला व्यवस्थापनका लागि सम्वन्धित समितिद्वारा निर्णय गरी आगामी कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न जिम्मेवारी प्रदान गर्ने ।

५ यस नगरपालिकामा नियमानुसार प्राप्त निवेदनका आधारमा सञ्चालक दिनेश कुँवर भएको 'चिसापानी कालिका भगवती निर्माण सेवा' फलेवास न.पा. वडा नं. ११ पाङराङले 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र प्राप्त गर्न सम्पुर्ण कागजपत्र र नियमानुसारको प्रकृया पुऱ्याएकोले फलेवास नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि २०७५ (पहिलो शंसोधन २०७८) वमोजिम फलेवास नगरपालिका वडा नंवर ११ पाङराङ कार्यालय रहनेगरी उक्त फर्मलाई 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र प्रदान गर्ने ।

६ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१२९५ मिति २०८१।१०।१० को पत्रको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृत सम्बन्धमा यस नगरपालिकामा चालु आ.ब.को हालसम्म प्रमुख प्रशासकीय अधिकृत नखटाएसम्म वा अर्को व्यवस्था नभएसम्म यस कार्यालयको बरिष्ठ कर्मचारी श्री कृष्णप्रसाद आचार्यलाई पठाएको र हालसम्म कुनै प्रमुख प्रशासकीय अधिकृत हाजिर हुन नआएको हुँदा सोहि पत्रका आधारमा कामकाज गर्दै आउनुभएका कृष्णप्रसाद आचार्य मार्फत नै कार्यालयमा आर्थिक कारोबार नियमित सञ्चालन गर्ने ।

७ यस नगरपालिकाभित्र रहेका धार्मिक तथा ऐतिहासिक कोटहरुमा बडादशैं तथा चैतेदशैंमा हुने मौलोपुजामध्ये लिमिकोटका लागि बडादसैंको मौलो पुजा गर्न रु ८० हजार र चैत्राष्टमीका लागि रु ३० हजार रुपैयाँ दिँदैआएकोमा रु एक लाख १० हजार रुपैयाँ एकमुष्ठ उपलब्ध गराउने तथा बिभिन्न प्रहरी चौकीहरुका लागि विगत वर्षहरुमा प्रदान गर्दै आएको मौलो पुजा बापतको रकमलाई चालु वर्ष पनि निरन्तरता दिने । साथै ठानामौलाको भुमेकोटको पुजाका लागि रु २५ हजार उपलब्ध गराउने । साथै यस नगरपालिकाका बिभिन्न वडाहरुमा रहेका प्रहरी चौकीहरुलाई वार्षिक रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि गत आर्थिक वर्षहरुमा उपलब्ध गराएको आर्थिक सहयोगलाई तपशिल अनुसार

निरन्तरता दिने । साथै शंकरपोखरी अस्थाई प्रहरी चौकीलाई समेत चालु आर्थिक वर्षदेखि अन्य चौकीसरह तपशिल वमोजिमको आर्थिक सहायता प्रदान गर्ने ।

**प्रहरी चौकीहरुका लागि प्रदान गरिने मौलोपुजाको खर्च बिवरण:**

| क्र.स. | प्रहरी चौकीको नाम | ठेगाना | बितरण गर्ने रकम |
|---|---|---|---|
| १. | अस्थायी प्रहरी चौकी | खानीगाउँ | २०,०००।- |
| २. | प्रहरी चौकी | कार्कीनेटा | २०,०००।- |
| ३. | प्रहरी चौकी | फलेवास | २०,०००।- |
| ४. | प्रहरी चौकी | भंगरा | १५,०००।- |
| ५. | प्रहरी चौकी | बाच्छा | १०,०००।- |
| ६. | अस्थाई प्रहरी चौकी | शंकरपोखरी | २०,०००।- |

**प्रहरी चौकीहरुका लागि प्रदान गरिने सञ्चालन खर्चको बिवरण:**

| क्र.स. | प्रहरी चौकीको नाम | ठेगाना | बितरण गर्ने रकम |
|---|---|---|---|
| १. | अस्थायी प्रहरी चौकी | खानीगाउँ | ४८००० |
| २. | प्रहरी चौकी | कार्कीनेटा | ६०००० |
| ३. | प्रहरी चौकी | फलेवास | ७२००० |
| ४. | प्रहरी चौकी | भंगरा | ४८००० |
| ५. | प्रहरी चौकी | बाच्छा | २४००० |
| ६. | अस्थाई प्रहरी चौकी | शंकरपोखरी | ४८००० |

८ मिति २०८२।०४।१४ को नगर कार्यपालिका बैठकबाट चालु आ.व. ०८२।८३ मा वडा नं ८ को वडा कार्यालय जाने सडक (लिमिठाना ठानामौला वडा कार्यालय सडक) स्तरोन्नती गर्न विनियोजित बजेट रु २५,००,००० बाट उल्लिखित ८ नं वडा कार्यालय जोड्ने सडक स्तरोन्नती गर्ने गरी ल.ई. तयार पार्ने र सोही अनुसार ठेक्का प्रक्रिया अगाडि बढाउने र सो को लागि नपुग हुने बजेटको लागि आगामि नगर सभामा पेश गर्ने निर्णय भएकोमा उल्लिखित सडक स्तरोन्नती गर्न वडा नं ७, ८ र ९ को वडा स्तरीय योजना सार्वजनिक निर्माणको बजेट शिर्षकबाट सोध भर्ना गर्ने गरी हाललाई उक्त सडक स्तरोनन्तीको ठेक्का प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन गर्ने ।

९ यसै नगरपालिका वडा नं ४ मुडिकुवास्थीत एकघरे तथा श्रीसुवा डील आपसापसको सार्वजनिक जग्गामा रहेका वरपिपलका रुखका हाँगाबिंगाका कारण स्थानीय गोकुल प्रसाद गौडेल, शोभनाथ गौंडेल लगायतका घरहरु अत्यन्त जोखिममा परेका कारण उक्त रुखका हाँगाबिंगाहरु आवश्यकता अनुसार छटनी गर्ने भनी स्थानीय समुदाय, सर्वदलिय भेला तथा वडा कार्यालयबाट समेत निर्णय भई सिफारिस भइ आएको हुँदा उक्त क्षेत्रको बस्ती समेत जोखिममा परेका बरपिपलका रुखका हाँगाबिंगा आवश्यकता अनुसार छटनी गर्न प्राविधिक सहयोग तथा अनुमतिका लागि डिभिजन वन कार्यालय पर्वतमा सिफारिस गर्ने ।

१० निर्माणाधिन प्रशासकीय भवनको निर्माणकार्य निरन्तर अगाडी बढिरहेकोमा निर्माण सामाग्रिको अभाव, यातायात तथा ढुवानीमा परेको समस्या, बाढीपहिरो लगायत बिभिन्न प्राविधिक कारणले निर्धारित समयमा सम्पन्न हुन नसकेका कारण सम्बन्धित निर्माण व्यवसायीको माग निवेदनका आधारमा २०८२ पौष १९ गतेसम्म म्याद थप गरी कार्य सम्पन्न गर्न लगाई नियमानुसार भुक्तानी गर्न कार्यालयलाई निर्देशन गर्ने ।

११ २०८२ सालको विजयादशमी, शुभदिपावली, छठ, नेपाल सम्वत, ल्होसार, लगायतका पर्वहरुको अवसरमा आम फलेवासबासी एवम् सम्पुर्ण देशविदेशमा रहनुहुने फलेवासी आमाबुवा, दाजुभाई दिदीबहिनीहरुमा शुखशान्ति, समृद्धी खुशीयाली छाओस् भन्दै ऐतिहासिक पर्वका प्रभावले सबै नगरबासीहरुमा समृद्ध परिवार, टोल, समाज र नगर निर्माणका लागि हरपल प्रेरणा र उत्साह मिलोस् भन्ने शुभकामना व्यक्त गर्ने ।

१२ यहि २०८२।०५।२३ र २४ गते काठमाण्डौं लगायत देशका बिभिन्न जिल्लाहरुमा भएको जेनजी युवाहरुको आन्दोलनका क्रममा सहादत प्राप्त गर्नुभएका सहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्ने । साथै घाइतेहरुप्रति शिघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्ने ।